## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ (गोदावरी) संख्या : २१ मिति : २०७७/०३/१२

**भाग-१**
**गोदावरी नगरपालिका**

**नगर सभाबाट पारित मिति :२०७७/३/१०**

**प्रमाणीकरण मिति:२०७७/३/११**

## आर्थिक ऐन, २०७६ संशोधन

**प्रस्तावना :** गोदावरी नगरपालिका आर्थिक ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले गोदावरी नगरपालिकाको पाचौ नगरसभाले यो एन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आर्थिक (पहिलो संशोधन) ऐन, २०७७ रहेको छ ।

२. **आर्थिक ऐन, २०७६ को दफा १५ मा संशोधन:** आर्थिक ऐन, २०७६ को दफा १५ को सट्टामा देहायको दफा १५ राखिएको छ ।

२. **आर्थिक ऐन, २०७६ को दफा १५ मा संशोधन:** आर्थिक ऐन, २०७६ को दफा १५ को सट्टामा देहायको दफा १५ थप गरिएको छ ।

**१५. स्थानीय राजश्व वा कर छुट र जरिवाना एवं क्षेतिपूर्ति तथा मिन्हा:** (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई दिइने राजश्व वा कर छुट र जरिवाना अनुसूचीहरुमा उल्लेख भए बमोजिम हुनेछ सो बाहेक

प्रचलित अन्य कुनै कानूनमा किटानी व्वस्था भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा तोकिए बमोजिम हुनेछ ।

(२) कुनै कार्य बापत अग्रिम रुपमा राजश्व वा कर बुझाएको तर काबु बाहिरको परिस्थितिले कार्य सम्पन्न हुन नसकेमा सो को आंशिक वा पूर्णरुपमा क्षेतिपूर्ति दिने र काबु बाहिरको परिस्थितिको कारण कुनै व्यक्तिले बुझाउनु पर्ने राजश्व वा कर अशुलउपर गर्न नसकिने भएमा त्यस्तो राजश्व वा कर आंशिक वा पूर्णरुपमा मिन्हा नगरसभाले दिन सक्नेछ ।

आज्ञाले
खेमराज विष्ट
प्रमुख प्रशासकिय अधिकृत

गोदावरी नगरपालिका